दमकल : ०९१-५६०४९९
प्र.प्र.अ.: ०९१-५६०११८
आ.वि.शाखा.: ०९१-५६०७९३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूर पश्चिम प्रदेश, नेपाल

प.सं. : २०७९/०८० (आर्थिक विकास शाखा)
च.नं. :

मिति : २०७९/०४/२९

## दोहोरो सदस्यता लिन नहुने सम्बन्धी सहकारी संस्थाका सदस्यहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) तथा टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनु अघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था रहेको छ।

कसैले टीकापुर नगरपालिका भित्र कार्य सञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनु भएको भए आफूले छनौट गरेको कुनै एक मात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाको सदस्यता अन्त्य गर्नुका साथै टीकापुर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरूले आफ्ना सदस्यहरुलाई सदस्य पहिचान फाराम भराई/अद्यावधिक गरी दोहोरो सदस्यता भएको पाइएमा अविलम्व सदस्यतावाट हटाउनु हुन अनुरोध छ। अन्यथा कानुन वमोजिम कारवाही गरिने वेहोरा समेत जानकारी गराइन्छ।

..............................
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत दर्ता गर्ने अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Email : sahakaritikapurmun@gmail.com